# मानेभन्ज्याङ गाउँपालिका

कोशी प्रदेश, ओखलढुंगा

## स्थानीय राजपत्र

खण्डः ४ भागः २ संख्याः १४

**प्रमाणीकरण मितिः २०८१/८/२६ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/८/२६**


## मानेभन्ज्याङ गाउँपालिकाका कर्मचारीहरुको तह वृद्धि गर्ने सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः** कोशी प्रदेश सरकारबाट जारी भएको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी तह वृद्धि सम्बन्धी कार्यलाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, मानेभन्ज्याङ गाउँ कार्यपालिका, ओखलढुङ्गाले यो कार्यविधि बनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "मानेभन्ज्याङ गाउँपालिकाका कर्मचारीहरुको तह वृद्धि गर्ने सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

२. <u>**परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**</u>

(क) **"ऐन"** भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्छ।

(ख) **"कर्मचारी"** भन्नाले मानेभन्ज्याङ गाउँपालिका अन्तर्गतको स्थानीय सरकारी सेवाका पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ । सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम मानेभन्ज्याङ गाउँपालिकामा समायोजन भएका कर्मचारी साथै संघीय तथा प्रदेश लोकसेवा आयोगबाट सिफारिस मानेभन्ज्याङ गाउँपालिकामा स्थायी नियुक्ति भएका कर्मचारी समेतलाई जनाउँदछ।

(ग) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले मानेभन्ज्याङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ङ) **"गाउँ कार्यपालिका"** भन्नाले मानेभन्ज्याङ पालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) **"गाउँपालिका"** भन्नाले मानेभन्ज्याङ गाउँ पालिकालाई सम्झनु पर्दछ ।

(छ) **"कार्यालय"** भन्नाले मानेभन्ज्याङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ज) **"प्रदेश लोक सेवा आयोग"** भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनु पर्दछ ।

(झ) **"परामर्श"** भन्नाले प्रदेश लोक सेवा आयोगले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १०३(३) र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा (१०) वमोजिम प्रदेश लोक सेवा आयोग कोशी प्रदेश, विराटनगर, नेपालले उपलब्ध गराएको परामर्श सम्झनु पर्दछ ।

(ञ) **"प्रदेश किताबखाना"** भन्नाले कोशी प्रदेशमा स्थापित प्रदेश किताबखाना सम्झनु पर्दछ ।

३. **सूचना प्रकाशन गर्नेः** (१) यो कार्यविधि बमोजिम यस कार्यालयमा कार्यरत स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धिका लागि तह वृद्धिको ज्येष्ठता लागू हुने महिनाभन्दा कम्तिमा एक महिनाअघि नै कार्यालयले सम्भाव्य उम्मेदवारहरुका लागि ३० (तीस) दिनको म्याद दिई दरखास्त आव्हानको सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचना पाटी र गाउँपालिकाको वेभसाइटमा प्रकाशन गरिनेछ।

४. **निवेदन दिनु पर्नेः** कार्यविधिको दफा (५) र (६) वमोजिम तह वृद्धि हुन योग्यता पूरा गरेका स्थायी कर्मचारीले दफा (३) मा तोकिएको म्यादभित्र कार्यालयमा देहायका कागजातहरु सहित तह वृद्धिको लागि अनुसूची-१ वमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

क. तह वृद्धि गरी पाऊँ भन्ने बेहोराको सक्कल निवेदन,

ख. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि,

ग. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/तह मिलान/तह वृद्धि/बढुवा नियुक्तिको प्रतिलिपि,

घ. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,

ङ. पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाण पत्रको प्रतिलिपि (आवश्यक हुनेको  हकमा मात्र)

च. कार्यविधिको दफा (५) वमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु ।

५. **<u>तह वृद्धि सम्बन्धी व्यवस्था</u>** (१) स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौं तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तहवृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ५ (पाँच) वर्षको सेवा अवधि पूरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा समूह वा उपसमूहमा तह वृद्धि गरिनेछ ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ४(५) बमोजिम स्वतः एक तह बृद्धि भएका कर्मचारीहरुको हकमा तह वृद्धि हुनुभन्दा तत्काल अघिको तह तथा दफा ८(१७) बमोजिम तह मिलान भएका कर्मचारीहरुको हकमा तह मिलान हुनुभन्दा तत्काल अघिको तहको कार्यसम्पादन मूल्याङ्कनलाई समेत गणना गर्न सकिनेछ ।

"(३) उपदफा (१) र (२) वमोजिम तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन् ।"

तर समायोजनका बखत तोकिएको अवधि नपुगी तह वृद्धि नभएका कर्मचारीहरुलाई एक पटकका लागि सेवा प्रवेशका लागि तोकिएको योग्यता भए पुग्नेछ

६. **<u>तह वृद्धि सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गतका स्थानीय तहमा दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुने । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा कामकाजमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको सहायक चौथो र पाचौं तहमा तथा सातौं र नवौं तहको पदमा समान पदमा समायोजन भई सोही पदमा कार्यरत रहेका हालसम्म तह वृद्धि नभएका कर्मचारीहरु सम्बन्धित पदमा यो ऐन जारी हुँदासम्म तीन वर्ष सेवा अवधि पुरा भएमा स्वतः एक तह वृद्धि हुनेछ । निजहरु जुनसुकै व्यहोराले अवकाश भएमा सो पद स्वतः खारेज भई तल्लो तहको पदमा पदपूर्ति गरिनेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई एक पटकका लागि सातौं तहमा तह मिलान गरिनेछ ।

७. **<u>सिफारिस समिति</u>** (१) दफा (५) बमोजिम कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न देहाय बमोजिमको गाउँ कार्यपालिकाले तोकेको सिफारिस समिति रहनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत — अध्यक्ष

ख. कार्यपालिकाले तोकेका एक जना महिला सहित दुई जना वरिष्ठ कर्मचारी — सदस्य

(२) सिफारिस समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(३) सिफारिस समितिलाई तह वृद्धि सिफारिस सम्बन्धमा निर्णय लिन कुनै द्विविधा उत्पन्न भएमा सो सम्बन्धमा ऐनको दफा (३८) वमोजिमको बढुवा समितिको निर्णय बमोजिम हुनेछ ।

८. **<u>ज्येष्ठता गणना सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) ऐन बमोजिम तह वृद्धि प्रयोजनका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको जेष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ ।

(२) उपदफा (१) वमोजिम ज्येष्ठता कायम गर्न नसकिएमा हालको पदमा गरिएको सिफारिसको योग्यताक्रम, सम्बन्धित सेवा समूहको पदमा स्थायी सेवा गरेको अवधि र उमेरलाई क्रमशः आधार लिई छुट्याउनु पर्नेछ।

(३) लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको सिफारिसमा छैटौं तहमा नियुक्ति भई ऐन वमोजिम सातौं तहमा तह मिलान भएका कर्मचारीको ज्येष्ठता नियुक्ति मितिदेखि नै गणना गरिनेछ ।

(४) यस कार्यविधिको दफा (६) र (७) वमोजिम तह वृद्धि हुने कर्मचारीको प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुनेछ ।

९. **<u>तह वृद्धिका लागि सम्भाव्य उम्मेदवार हुन नपाउनेः</u>** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको

कर्मचारीलाई देहायको अवस्थामा देहायको अवधिभर तह वृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन ।

क. निलम्वन भएकोमा निलम्बन भएको अवधिभर,

ख. तह वृद्धि रोक्का भएकोमा तह वृद्धि रोक्का भएको अवधिभर,

ग. तलबवृद्धि रोक्का भएकोमा तलबवृद्धि रोक्का भएको अवधिभर,

घ. ऐनको दफा (४१) वमोजिम सेवा वा समूह परिवर्तन गरेको भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

ङ. असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

च. स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

१०.<u>**तह वृद्धि रोक्का:**</u> (१) स्थानीय सरकारी सेवाको कुनै कर्मचारी तह बृद्धि भई त्यस्तो तह वृद्धिको नियुक्ति लिन नपाउँदै निलम्बन वा तह वृद्धि रोक्का भएमा सो अवधिभर निजको तह वृद्धि रोक्का राखिनेछ ।

(२) उपदफा (१) बमोजिम तह वृद्धि रोक्का भएको कुनै कर्मचारीको निलम्बन फुकुवा भएमा वा निलम्बन अवधि समाप्त भएपछि निजलाई तह वृद्धि भएको मितिदेखि ज्येष्ठता कायम हुने गरी तह वृद्धिको नियुक्ति दिइनेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम तह वृद्धि हुने कर्मचारी दफा (७) बमोजिमको सिफारिस समितिको सिफारिस बाहेक तह वृद्धि गरिने छैन ।

११.**तह वृद्धि गर्नुपर्ने:** कानून वमोजिम तह वृद्धिका लागि निवेदन दिएका कर्मचारीहरुको तह वृद्धिको लागि यस कार्यविधिको दफा (७) को उपदफा (१) वमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको ७ (सात) दिन भित्र तह वृद्धिका लागि सिफारिस गरि सक्नुपर्नेछ र सो सिफारिस प्राप्त भएको ७ (सात) दिनभित्र यस कार्यविधिको दफा (५) र दफा (७) मा गरिएको व्यवस्था वमोजिम तह वृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ र साउन महिनामा प्राप्त सिफारिसको आधारमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नियमानुसार अनुसूची-२ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिनु पर्नेछ ।

१२.**सार्वजनिक गर्नुपर्ने:** तह वृद्धि भएका कर्मचारीहरुको विवरण गाउँ कार्यपालिकाको कार्यालयले आफ्नो सूचना पाटी र वेभसाइटमा राख्ने व्यवस्था मिलाउनेछ ।

१३.**तह वृद्धि भएका कर्मचारीको सेवा, सुविधा:** (१) यस कार्यविधि बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलबभन्दा घटी हुने भएमा खाईपाई आएको तलवभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

१४.**जानकारी दिनुपर्ने:** यस कार्यविधि वमोजिम तह वृद्धिको जानकारी निर्णय भएको मितिले १५ (पन्ध्र) दिनभित्र मन्त्रालय, प्रदेश किताबखाना र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ ।

१५.**<u>उजुरी/गुनासोः</u>** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा तह वृद्धि सम्बन्धी सिफारिसको सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

१६.**<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१७.**<u>खारेजी र बचाउः</u>** यस अघि मानेभन्ज्याङ गाउँ कार्यपालिकाबाट जारी भएको "मानेभन्ज्याङ गाउँपालिकाका कर्मचारीहरुको तह वृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८०" खारेज गर्ने र उक्त कार्यविधि बमोजिम भए गरेका कामकारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

१८.**<u>संशोधन :</u>** यस कार्यविधिमा आवश्यक संशोधन प्रदेश लोकसेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

१९.**<u>बाधा अड्काउ फुकाउने :</u>** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार ऐनको दफा २७(४) ले व्यवस्था गरे बमोजिम हुनेछ ।

अनुसूची-१

(कार्यविधिको दफा (४) सँग सम्बन्धित)

## तह वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा

मिति :

ने.सं.

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

मानेभन्ज्याङ गाउँपालिका, गाउँ कार्यपालिका‍को कार्यालय, ओखलढुङ्गा ।

## विषयः तह वृद्धि गरी पाऊँ।

प्रस्तुत विषयमा यस कार्यालयको तह वृद्धि सम्बन्धी मिति ........................ गते प्रकाशित सूचना अनुसार हाल म तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु ।

## तपसिल

१. तह वृद्धि गरी पाऊँ भन्ने सक्कल निवेदन,
२. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि,
३. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/तह मिलान/तह वृद्धि/बढुवा नियुक्तिको प्रतिलिपि,
४. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,
५. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,
६. पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाण पत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)
७. कार्यविधिको दफा (७) बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु ।

| हाल कार्यरतः | तह वृद्धि गर्नेः |
|---|---|
| पदः | पदः |

| | |
|---|---|
| तहः/श्रेणीः | तह/श्रेणीः |
| सेवा/समूह: | सेवा/समूह |
| कार्यालयः | कार्यालयः |

(माथि उल्लिखित सबै बेहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।)

**<u>निवेदक</u>**

नाम :

दस्तखतः

क.सं. नम्बर

कार्यरत कार्यालयः

अनुसूची-२

**(कार्यविधिको दफा (११) सँग सम्बन्धित)**

## तह वृद्धि सम्बन्धी पत्रको ढाँचा

मिति :

ने.सं.

**विषयः तह वृद्धि सम्बन्धमा।**

महाशय,

तपाईंलाई कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७(१) तथा मानेभन्ज्याङ गाउँपालिकाको कर्मचारीहरूको तह वृद्धि गर्ने सम्बन्धी कार्यविधि, २०८१ को दफा ५(१) बमोजिम गाउँ कार्यपालिकाको मिति ................ गतेको तह वृद्धि सम्बन्धी निर्णायानुसार मिति ............... गतेदेखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तह वृद्धि गरिएको छ ।

तह वृद्धि हुनुभएकोमा हार्दिक बधाई ।तपाईंलाई प्राप्त जिम्मेवारी राष्ट्र, जनता र सरकारप्रति कर्तव्यनिष्ठ भई प्रचलित ऐन, कानूनको परिधिमा रहेर पारदर्शी, निष्पक्ष, अनुशासित भई सकारात्मक सोच र ऊर्जाका साथ कार्यसम्पादन गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छु ।

तपसिल:

| साविकको पद/तह/सेवा/समूह/कार्यालय | तह वृद्धि गरिएको पद/तह/सेवा/समूह/कार्यालय |
|---|---|
| पद: | पद: |
| तह/श्रेणीः | तह/श्रेणीः |
| सेवा/समूहः | सेवा/समूहः |
| कार्यालय : | कार्यालय: |

श्री.............................,
कर्मचारी संकेत नम्बरः

**बोधार्थ :**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(स्थानीय तह कर्मचारी प्रशासन शाखा), सिंहदबार काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर।
श्री राष्ट्रिय किताबखाना (निजामती), पुल्चोक ललितपुर ।
श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर ।
श्री प्रदेश किताबखाना, कोशी प्रदेश, विराटनगर ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं ।
श्री सावधिक जीवन बीमा कोष, नयाँ बानेश्वर, काठमाडौं ।
श्री कर्मचारी सञ्चयकोष, त्रिदेवीमार्ग, ठमेल, काठमाडौं।
श्री आर्थिक प्रशासन शाखा, मानेभन्ज्याङ गाउँ कार्यपालिकाको कार्यालय, ओखलढुङ्गा ।

आज्ञाले
छविलाल राई
प्रमुख प्रशासकीय अधिकृत